जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १६९ २०७७ साल माघ २१ गते बुधबार (3 Feb. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : रामायणकालीन मार्ग : धार्मिक ... ३ पृष्ठमा : एनसेलले ल्यायो भारत.. ३ पृष्ठमा : सुकी सहितका नेताहरुलाई...

# प्रदेश २ सरकारको पहिलो आवधिक योजना पुस्तक सार्वजनिक



**दैनिक समाचारदाता जनकपुरधाम, २० माघ ।**

प्रदेश २ सरकारको प्रदेश नीति तथा योजना आयोगले पहिलो आवधिक योजना पुस्तक मंगलबार सार्वजनिक गरेको छ ।

नीति तथा योजना आयोगले मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा आयोजना गरेको एक कार्यक्रमका बीच आयोगका अध्यक्ष समेत रहेका मुख्यमन्त्री लालबाबु राउतले पहिलो आवधिक योजना र नेपाल प्रोभिन्सियल प्लानिङ्ग बेसलाइन एण्ड स्ट्राटेजिक अप्सन फर प्रोभिन्स टू सार्वजनिक गरेका हुन् ।

दुबै पुस्तक सार्वजनिक गर्दै मुख्यमन्त्री राउतले प्रदेशमा अगामी पाँच वर्ष भित्र गर्नु पर्ने विकासको लक्ष्य निर्धारण गर्नुका साथै अगामी दिनमा प्रदेश सरकारले गर्ने कामहरुको विस्तृत विवरण समेटिएकोले अगामी दिनको नीति तथा कार्यक्रम एवं बजेट निर्माण सहज बनाउने बताए ।

पछिल्लो ३ वर्षमा जनताको आधारभूत आवश्यकता रहेको विकास निर्माणको कामलाई प्राथमिकतामा राखेको प्रदेश सरकारले अवको दिनमा गौरबको योजनाहरुलाई प्राथमिकतामा राखेर अघि बढने उनको भनाई थियो ।

कार्यक्रममा मुख्यमन्त्री राउतले प्रदेशको गौरबकै यौजनाको रुपमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान गठन गरेको उल्लेख गर्नु हुँदै यसले प्रदेशको समग्र स्वास्थ्य क्षेत्रमा माइल स्टोन सावित हुने विश्वास व्यक्त गरे ।

त्यस्तै प्रदेशको शैक्षिक सुधारका लागि संघीय नीति बाधक रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले हाललाई विश्वविद्यालय मात्र प्रदेश सरकारको मातहतमा रहेको हुँदा प्रदेशमा कृषि र प्रादेशिक विश्वविद्यालय स्थापनाको तैयारी समेत अघि बढाई सकेको जानकारी पनि दिए ।

नीति आयोगमा पदाधिकारीहरु नियुक्त हुन नसकेको अवस्थामा समेत आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झा सहितको टिमले गर्दै आएको कामको प्रशंसा समेत उनले गरे ।

कार्यक्रममा नीति तथा योजना आयोगका उपाध्यक्ष डा. भोगेन्द्र झाले आवधिक योजना सार्वजनिक गरेको आयोग अब प्रदेशको प्रोजेक्ट बैंक निर्माणको कार्यलाई अघि बढाई सकेको र प्रदेशको गौरबको योजनाहरु समेटेर केही महिना भित्रै प्रोजेक्ट बैंक समेत सार्वजनिक गर्ने बताए । कार्यक्रममा प्रमुख सचिव गोकर्णमणि दुबाडी, कानून सचिव टिकाराम पाण्डे सहितको उपस्थिति रहेको थियो ।

# भूमि समस्या समाधान आयोग सप्तरीको अध्यक्षमा चौधरी



**दैनिक समाचारदाता राजविराज, २० माघ ।**

सरकारले ७७ वटै जिल्लामा भूमिसम्बन्धी समस्या समाधान आयोगको जिल्ला समिति गठन गरेको छ ।

यसैबीच भूमिसम्बन्धी समस्या समाधान आयोग सप्तरीको अध्यक्षमा देवनारायण चौधरी नियुक्त भएका छन् । यस्तै विज्ञको रुपमा जयप्रकाश ठाकुर तथा सदस्यमा जितकुमारी पौडेललाई नियुक्त गरिएको छ ।

भूमि व्यवस्था मन्त्रालयको सिफारिसअनुसार माघ १५ को मन्त्रिपरिषदले सबै जिल्लामा आयोगका अध्यक्ष र सदस्य चयन गरेको हो ।

सबै जिल्लामा एकजना अध्यक्ष र दुईजना सदस्यसहित २३१ जनाले जिम्मेवारी पाएका छन् । भूमि सम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष देवी ज्ञवालीले जिल्लामा नियुक्तहरुको पद तथा गोपनीयताको सपथग्रहण यही माघ २४ गते प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा गराउने भएका छन् ।

# कंचनरूपमा १ सय ९० जनालाई कोरोना बिरूद्धको खोप

**दैनिक समाचारदाता राजविराज, २० माघ ।**

देशैभर कोरोना भाइरस (कोभिड-१९) बिरुद्धको खोप लगाउने कार्य भई रहँदा

***बाँकी अन्तिम पृष्ठमा***

## आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।

माय जलपा बचत तथा ऋण सहकारी संस्था लि. लाई निम्न पदहरुमा अनुभवी इच्छुक व्यक्तिहरु चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : क्यासियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : ऋण ओफिसियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : बजार प्रतिनिधी/संख्या : ५ (पाँच) जना**
शैक्षिक योग्यता +2 पास गरेको वा सो सरह बजार प्रतिनिधिमा एक वर्षको अनुभव भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।
**मिति : २०७७/१०/१८ गते देखि २०७७/१०/२६ गते सम्म**
**लिखित परीक्षा मिति : २०७७/१०/२७**
**मौखिक परीक्षा मिति : २०७७/१०/२८**

सम्पर्क
**माय जलपा बचत तथा ऋण सहकारी संस्था लि.**
विष्णुपुर गा.पा. ६, रंजितपुर
कुनौली रोड, सशस्त्र क्याम्पको छेउमा
मोबाइल नं. ९८५२८३२०५९, ९८१६३४२१८८
फोन नं. ०३१-५२२२५९, www.myjalpacooperative.com.np



# रामायणकालीन मार्ग : धार्मिक पर्यटनको मेरुदण्ड



**राकेश प्रसाद चौधरी**

धार्मिक ग्रंथ रामायणमा चर्चा गरिएको अयोध्या नगरीको विषयमा थप अध्ययन हुन थालेको छ । भारतमा रहेको अयोध्या रामायणकालीन नै भएको अन्तर्राष्ट्रिय मान्यतालाई नेपालमा रहेको अयोध्याबारेको खोज र अनुसन्धानले चुनौती दिने विषयमाथिको बहस केही बर्षपछि अवश्य नै हुनेछ । अहिले चर्चा हुने गरेको धार्मिक एवं ग्रामिण पर्यटनमा रामायणकालीन मार्गको विषय उठान गरिनु अपयुक्त लागेको छ ।

रामायणकालीन जनकपुर र अयोध्याबीचको मार्गको चर्चा अझैसम्म कायम छ । अर्थात जनकपुरमा मनाइने रामजानकी बिवाहोत्सवमा अयोध्याबाट आउने जन्ती झाँकीले प्रयोग गर्ने मार्गको अत्याधिक चर्चा हुने गर्दछ । भारत सरकारले रामायण सर्किट भनेर चर्चा थालेको धेरै भइसकेको छ । तर वर्तमान अवस्थामा जनकपुरबाट अयोध्यासम्म पुग्ने बसले प्रयोग गर्ने मार्ग पक्कै रामायणकालीन नरहेकोमा दाबी गर्न सकिन्छ । रामायणमा चर्चा गरिएको मार्ग धार्मिक पर्यटनको हिसाबले उपयुक्त रहेकोमा दुईमत छैन ।

समय समयमा चर्चा हुने रामायण सर्किटले जंगली अवस्थामा अयोध्याबाट भगवान रामले गुरु बशिष्ठका साथ जनकपुरसम्म तय गरेको मार्गको बिकास गर्ने योजना अनुसार काम गरिरहेको छ । त्यही रामजानकी बिवाहोत्सवका लागि जन्ती आएको र बेहुलीसहित फर्किएको मार्गबारे रामायण सर्किटमा खासै चर्चा गरिएको छैन । यस विषयमा चर्चा गर्न नेपाल र भारत सरकारले चाँसो नदेखाए पनि स्थानीयस्तरबाट पहल भइसकेको छ । यसबर्ष कोभिड१९ को कारण हंसानन्द गिरीको नेतृत्वमा संत तथा साध्वीहरुको २८ जनाको समूह मात्र अयोध्याबाट जनकपुर आउनुभएको थियो । यस जन्तीको एक मात्र उद्देश्य बिवाहोत्सवपछि डोलीमा बसेर सीतालाई अयोध्या लगिएको मार्गको पहिचान गर्नु रह्यो ।

रामजानकी बिवाहोत्सव नाम दिइएपनि रामका तीन भाई लक्ष्मण, भरत र सत्रुधन र सीताकी तीन बहिनी उर्मिला, माण्डवी र श्रृतिकीर्तीको बिवाह र बिदाई एकसाथ भएको थियो । रामायणमा रामको यशगान रहेकोले रामायण सर्किटमा बेहुलीहरुसहित जन्ती फर्किएको मार्गको अध्ययन अनुसन्धानमा बेबास्ता भएको मान्न सकिन्छ ।

जनकपुत्री सीताको बिवाहोत्सवमा मण्डपको वेदी बनाउन माटो लगिएको मृतखनी वर्तनको मटिहानी हो भने त्यस समयको महेशपुर अहिलेको जलेश्वर हो । सीताको स्वयंवरमा राखिएको धनुषलाई धुन नित्यदिन प्रयोग हुने जलको कुण्ड पुरन धोइ सरोवरको नाम पुरन्धर सर भइसकेको छ । जन्तीहरुको लागि एकत्र गरिएको अन्न राखिएको ठाउँ अहिले अनैठा, सुन भण्डारण भएको ठाउँ सोनागढी (हालको सोनउखडा), जन्तीलाई रोकेर राखिएको ठाउँ ठाँडी हो । बिवाहोत्सवपश्चात जनकपुरबाट बेहुलीहरुको डोली एकछिन ठाँडीमा रोकिएर जलेश्वर महादेवको दर्शन गरि पंथपाखरमा बिश्राम भएको मानिन्छ ।

अयोध्याबाट आउनुभएका संत हंसानन्द गिरीले जनकपुरबाट आउने क्रममा मटिहानीको मार्ग प्रयोग गर्दै फर्किने क्रममा ठाँडी र जलेश्वरमा एक/एक रात बिश्राम गरि भारत बिहारको बथनाहा प्रखंडमा रहेको पंथपाखरमा पुग्नुभयो । हंसानन्द गिरीको उद्देश्य थाहा पाउनुभएका महोत्तरी गाउँपालिका अध्यक्ष सुनिल कुमार रायले आफ्नो क्षेत्रमा स्वागत र व्यवस्थापन गर्नुभयो । नेपालमा सानो जन्तीको समूहलाई मटिहानीका मानमहन्थ जगन्नाथ दास, मेयर हरिप्रसाद मण्डल, जलेश्वरका मेयर रामशंकर मिश्र, राजनारायण साहसहितका व्यक्तिहरुले आ-आफ्नो क्षेत्रमा स्वागत तथा व्यवस्थापनमा कुनै कसर बाँकि राखेनन् ।

कोभिडको कारण नेपाल भारत सीमानामा निजी सवारीसाधनको आवागमन बन्द रहेपनि दुबैतर्फका जिल्लाधिकारीको पहलमा भारतीय नम्बर प्लेटको सवारीसाधन नेपाल प्रवेश गर्न सफल भएको थियो । काठमाडौं र दिल्लीले दिएकै अधिकारको उपयोग गर्दै विपद्को बेला धर्म,संस्कृति र परम्पराको पालना गर्नु नितान्त आवश्यक रहेको कुरा जिल्लाधिकारीहरुले बुझेकै कारण बिशेषाधिकार प्रयोग गर्नुभयो ।

गिरीसँग अत्याधिक समय साथ रहेको महोत्तरी गाउँपालिकाका अध्यक्ष रायले पंक्तिकारसँग बिवाहोत्सवको समयमा अयोध्याबाट जनकपुर आउने जन्ती सोनागढी, अनैठा, ठाँडी, रतवार हुँदै जलेश्वरसम्म फर्किने वातावरण मिलाउन तत्पर रह्ने बताउनुभयो । जनकपुरदेखि जलेश्वरसम्मको भित्री ग्रामिण सडकको नामाकरण बृहत जलेश्वर सीताराम मार्ग राख्दा उपयुक्त हुने देखिन्छ । पर्यटन पूर्वाधार बिकासमा यो मार्गले टेवा पुऱ्याउने आंकलन गर्न सकिन्छ । यो मार्गमा रामायण वर्णन भएका बाहेक राजा चेदीकालिन, राजा नान्यकालिन तथा राजा पूरादित्यकालिन गढ एवं मूतिहरु हेर्न सकिन्छ । जलेश्वरलाई सतयुगदेखि कलयुगको संगम नै भन्निछ । यो मार्गको नामाकरण र बिकासको लागि प्रदेश सरकारले तत्काल पहल गर्नु उचित देखिन्छ ।

बिवाहोत्सवको अवसरमा स्वामी हंसानन्द गिरी नेपाल प्रवेश गरेदेखि भारतीय छापा मेडियामा सीताराम मार्गको बहस शुरु भइसकेको छ । यो बहसलाई आफ्नो अनुकूल बनाउन मटिहानी, पिपरा, जनकपुर, लोहारपट्टि, महोत्तरी र जलेश्वरका स्थानीय सरकारहरुबीच एकमत हुनु आवश्यक छ । त्यही मटिहानी, पिपरा, महोत्तरी र जलेश्वर जोड्ने ग्रामिण पर्यटन मार्गको विषयमा समेत बहस आवश्यक छ । मटिहानी हुँदै विद्यापति गढ, सोनागढी, ठाँडी, रतवारा र जलेश्वर हुँदै सुगा, मटिहानी जोड्ने पर्यटन चक्रपथको लागि तत्काल छलफल गर्न आवश्यक छ । *मधेश दर्पण फिचर सेवा*

# कार्यकाल पूरा गर्न नपाउँदा निर्वाचनमा जानुपरेको हो : महान्यायाधिवक्ता

काठमाडौँ, २० माघ (रासस) । महान्यायाधिवक्ता अग्निप्रसाद खरेलले प्रतिनिधिसभा बाध्यताले विघटन गर्नुपरेको भए तापनि संविधानसम्मत भएको तर्क राख्नुभएको छ । प्रतिनिधिसभा विघटनविरूद्धको रिट निवेदनमाथि पन्ध्रौँ दिनको सुनुवाइमा सरकारको प्रतिरक्षा गर्दै महान्यायाधिवक्ता खरेलले विघटन संविधानसम्मत भएको धारणा राख्नुभयो ।

महान्यायाधिवक्ता खरेलले २०५१ सालमा पनि बहुमतको सरकार हुँदाहुँदै विघटन गर्नुपरेको स्मरण गराउँदै वर्तमान सरकारले पनि पाँच वर्षको कार्यकालका लागि निर्वाचन भए पनि कार्यकाल पूरा गर्न नपाउँदा निर्वाचनमा जानुपरेको स्पष्ट गर्नुभयो । सरकारका प्रमुख कानूनी सल्लाहकारले जनमतको सौदाबाजी गर्नुभन्दा पुनः जनमतमै जानु न्यायोचित हुने ठहर गरिएको जनाउनुभयो ।

पहिलो र दोस्रो पटकको प्रतिनिधिसभा विघटन पनि मन्त्रिपरिषद्को निर्णयबाटै भएको स्मरण गराउँदै उहाँले अहिले पनि मन्त्रिपरिषद्कै निर्णयबाट विघटन भएको बताउनुभयो । "रिट निवेदनमा राष्ट्रपतिको भूमिका असंवैधानिक भएको भन्ने प्रश्न उठाइए पनि जनतामा जाने राष्ट्रपति नभई प्रधानमन्त्री नै हो", उहाँले भन्नुभयो, "विघटन भएको प्रतिनिधिसभा फेरि ब्युँतिने अवस्था छैन, प्रतिनिधिसभा मरेको नभई निर्वाचनमा जान मात्र विघटन गरिएको हो ।" उहाँले बनेको सरकारलाई काम गर्न नदिई प्रधानमन्त्रीको खुट्टा बाँधिदिएपछि कसरी काम गर्ने भन्ने प्रश्न गर्दै यस्तो अवस्थामा विघटनको विकल्प नभएको तर्क राख्नुभयो ।

रिट निवेदकका तर्फबाट आइतबार बहस सकिएपछि सोमबारदेखि सरकारी पक्षबाट बहस शुरू भएसँगै महान्यायाधिवक्ता खरेलले बहस शुरू गर्नुभएको थियो । सोमबार दिनभरि बहस गरेर नसकिएपछि उहाँको बहसलाई मंगलबार पनि निरन्तरता दिइएको थियो । महान्यायाधिवक्ता खरेलको बहस सकिएको र अब सरकारी पक्षकै तर्फबाट सहन्यायाधिवक्ता पदमप्रसाद पाण्डेले गर्नुहुने जनाइएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी**

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहि हुनुपर्छ ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# एनसेलले ल्यायो भारत कल गर्न सुलभ दरका भ्वाइस प्याकहरु

**दैनिक समाचारदाता**
**काठमाडौं, २० माघ ।**

एनसेलका प्रिपेड ग्राहकले अब अझै सुलभ दरमा लोकल दरमै भारत कल गर्न पाउने भएका छन् ।

एनसेल आजियाटा लिमिटेडले आफ्नो विन्टर अफर अन्तर्गत दैनिक र ३ दिने सहुलियत प्याक गरी दुई वटा भ्वाइस प्याकहरु ल्याएको छ । यो अफर एनसेलले आफ्नो नयाँअभियान 'फास्ट फरवार्ड लाइफ' अन्तर्गत ल्याएको हो । यो अभियानले भविष्यको पुनःकल्पना गर्दै डिजिटल पावरका साथ छिटो अगाडी बढ्न अभिप्रेरित गर्ने जनाएको छ ।

दैनिक भ्वाइस प्याक अन्तर्गत ग्राहकले कर सहितमात्र रु २५ मा भारतमा रहेका आफ्ना परिवारका सदस्य, साथिभाइ वा व्यापार व्यावसायका समकक्षी सँग कुनै पनि भारतीय नम्बरमा १० मिनेट कल गर्न सक्छन् । दैनिक प्याक सुचारु भएपछि २४ घण्टासम्म यसको समयसिमा तोकिएको छ । यो भ्वाइस प्याक खरिद गर्न प्रिपेड ग्राहकले एस्ट्रिक्स १७११८ एस्ट्रिक्स ७ एस्ट्रिक्स १ ह्यास डायल गर्न सक्छन् ।

त्यस्तै गरी विन्टर अफर अन्तर्गत प्रिपेड ग्राहकका लागि ३ दिने सहुलियत दरको भ्वाइस प्याक पनि रहेको छ । तीन दिनको समयसिमा रहेको यो भ्वाइस प्याक ग्राहकले कर सहितमात्र रु १४ मा खरिद गर्न सक्छन् र मात्र रु १.९९ प्रतिमिनेट (कर सहित रु २.५४ प्रतिमिनेट) को दरमा भारत कल गरी आफ्ना परिवारका सदस्यतथा साथिभाइसँग सम्पर्कमा रही रहन सक्छन् ।

भ्वाइस प्याक बिना भारत कल गर्दा विद्यमान शुल्क रु २.९९ प्रतिमिनेट (कर सहित रु ३.८२ प्रतिमिनेट) रहेको छ । प्रिपेड ग्राहकले एस्ट्रिक्स १७११८ एस्ट्रिक्स ७ एस्ट्रिक्स २ ह्यास डायल गरी यो भ्वाइस प्याक सजिलै सुचारु गर्न सक्छन् ।

आफ्ना ग्राहकलाई सुलभ दरमा गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता अनुरूप यो योजना ल्याइएको कम्पनीले जनाएको छ । भारतमा रहेका परिवारजन, आफन्त, साथीभाइ वा व्यापार व्यावसायसँग सम्बन्धित समकक्षीहरूसँग सुलभ दरमा कुरा गर्न सकिने गरी प्रिपेड ग्राहकका लागि भ्वाइस प्याक ल्याउन पाएकोमा निकै हर्षित रहेको कम्पनीले जनाएको छ ।

# वर्षा र हिमपातको सम्भावना

काठमाडौँ, २० माघ (रासस) ।

आगामी बिहीबारदेखि शनिबारसम्म देशभर मौसम बदली भई देशको अधिकांश स्थानमा वर्षा हुने भएको छ ।

बिहीबारदेखि पश्चिमी वायु सक्रिय हुने भएकाले देशको अधिकांश स्थानमा हल्का वर्षाका साथै उच्च पहाडी तथा हिमाली भूभागमा हिमपातको सम्भावना रहेको मौसमविद् शान्ति कँडेलले बताउनुभयो ।

मौसमविद्का अनुसार यो प्रणाली बाहिरिएपछि तापक्रम वृद्धि भई गर्मी शुरु हुनेछ । हाल देशका पहाडी भूभागमा आशिंक बदली रही बाँकी भूभागमा मौसम सामान्यतया सफा रहेको छ ।

दिउँसो पहाडी भूभागमा आंशिक बदली रही प्रदेश नं १, सुदूरपश्चिम र गण्डकी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार मंगलबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम दुई दशमलव सात डिग्री र अधिकतम तापक्रम १८ दशमलव आठ डिग्री सेल्सियस रहेको छ । त्यस्तै मंगलबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस चार दशमलव पाँच डिग्री र सबैभन्दा धेरै वीरेन्द्रनगरको न्यूनतम तापक्रम आठ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

# सुकी सहितका नेताहरुलाई रिहा गर्न एनएलडीको आग्रह

याङ्गुन, २० माघ (रासस/एएफपी) ।

म्यान्मारको सत्तारुढ दल नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) ले सेनाद्वारा नियन्त्रणमा लिइएका आफ्ना नेतालाई तत्काल रिहा गर्न माग गरेको छ ।

एनएलडीले मंगलबार वक्तव्य जारी गर्दै पार्टीकी नेतृ आङ्साङ् सुकीसहितका नेतालाई तत्काल रिहा गर्न आग्रह गरेको हो ।

स्टेट काउन्सिलरसमेत रहेकी सुकी र देशका राष्ट्रपति विन मिन्ट दुबैलाई सोमबार बिहानै नजरबन्दमा राखिएको थियो । एनएलडीका केन्द्रीय कार्यकारी समितिका सदस्य, सांसद र क्षेत्रीय मन्त्रिपरिषद्का सदस्यलाई पनि गिरफ्तार गरिएको छ ।

म्यान्मारको सैनिकले म्यान्मारको सम्पूर्ण सत्ता एक वर्षका लागि आफूहरुले नियन्त्रणमा लिएको घोषणा गर्दै नेताहरुलाई गिरफ्तार गरेको हो । ७बस्सेनाले एक बर्षसम्मका लागि सङ्कटकाल घोषणा गर्दै एक बर्षमा निर्वाचन गराउने दावी पनि गरेको छ ।

गत नोभेम्बरमा सम्पन्न आम निर्वाचनमा धाँधली भएको भन्ने सेनाको दाबीलाई अस्वीकार गरिएको तथा कोरोनाभाइरसका कारण देशभित्र सङ्कटपूर्ण अवस्था रहेकाले आम निर्वाचन स्थगित गर्न सरकार अक्षम भएपछि सैनिक नियन्त्रण आवश्यक रहेको सेनाको भनाई छ ।

सेनाको असन्तुष्टिका बीच भएको निर्वाचनबाट गठन भएको नयाँ संसद्को बैठक शुरु हुने दिन बिहान सेनाले सत्ता विद्रोह गरेको हो ।

सेनाले राजनीतिक नेतालाई सैनिक नियन्त्रणमा राख्ने र संचार सम्पर्क विच्छेद गराउने गरेकाले सर्वत्र विरोध भएको छ ।

अमेरिका, अस्ट्रेलिया र अन्य मुलुकले विज्ञप्ति प्रकाशन गरी म्यान्मारको पछिल्लो अवस्थाप्रति चिन्ता प्रकट गर्दै म्यान्मारको सेनालाई कानुनी शासनको सम्मान गर्न आग्रह गरेका छन् ।

हाल म्यान्मारमा सर्वाधिक प्रभावशाली नेताको रुपमा ७५ वर्षीया आङ सान सुकी नै रहनु भएको छ । सैनिक शासन विरुद्ध दशकौं सङ्घर्ष गरेपश्चात पाँच वर्षअघि शान्तिपूर्णरुपमा सम्पन्न चुनावबाट उहाँले मुलुकको नेतृत्व सम्हाल्नु भएको छ ।

गत नोभेम्बरको चुनावबाट संसद्को तल्लो र माथिल्लो दुबै सदनका कूल ४७६ स्थानमध्ये सुकीको दल एनएलडीले ३९६ स्थान जितेको छ । सन् २००८ को संविधान बमोजिम सेनालाई संसदको कूल स्थानको २५ प्रतिशत छुट्याइएको छ । साथै कतिपय महत्वपूर्ण मन्त्रालय पनि सेनालाई नै दिइएको थियो ।

गत चुनावमा व्यापक धाँधली भएको सेनाको भनाइ छ । तर त्यसका ठोस प्रमाण भेटिएका थिएनन् । देशको निर्वाचन आयोगले पनि गत साता सेनाको उक्त दोषारोपणलाई अस्वीकार गरेको थियो ।

यही असन्तुष्टिको आडमा सेनाले शासन लिएकाले म्यान्मारको राजनीतिक केही समय सङ्कटपूर्ण नै रहने देखिएको छ ।

# भारतमा दैनिक संक्रमितको संख्या ६ महिनापछिकै न्यून

नयाँ दिल्ली, २० माघ (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमित भएकाको सङ्ख्या अन्त्यन्त न्यून भएको छ । सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार भारतमा पछिल्लो २४ घण्टामा छ महिना यताकै सबैभन्दा कम सङ्क्रमित भएका छन् ।

उनीहरुका अनुसार पछिल्लो २४ घण्टामा आठ हजार ६३५ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले नयाँ सङ्क्रमितको सङ्ख्या सन्तोषजनक तरिकाले न्यून हुँदै गएको जनाएको छ ।

यसअघि गत वर्षको सेप्टेम्बर १० मा एकैदिन सबैभन्दा धेरै ९५ हजार ७३५ जना कोरोनाभाइरसबाट सङ्क्रमित भेटिएका थिए ।

भारतमा अहिलेसम्म एक करोड सात लाख ६७ हजार २०६ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् भने एक लाख ५४ हजार ५२२ जनाको मृत्यु भएको छ ।

त्यसैगरी एक लाख ६४ हजार २७८ जना अहिले पनि सङ्क्रमित अवस्थामै रहेको सरकारी अधिकारीले जनाएका छन् ।

विश्वभरी धेरै सङ्क्रमित भएका देशको सूचीमा भारत दोस्रो क्रममा रहेको छ । भारतमा भन्दा धेरै अमेरिकामा सङ्क्रमित रहेका छन् । अमेरिकामा अहिलेसम्म दुई करोड ६९ लाख ११ हजार ३७५ जना सङ्क्रमित भएका छन् ।

त्यस बाहेक तेस्रो धेरै ब्राजिलमा, चौथो धेरै रुसमा र पाचौं धेरै बेलायतमा सङ्क्रमित रहेको पनि विश्व स्वास्थ्य संगठनले जनाएको छ ।

सङ्गठनका अनुसार अमेरिकामा चार लाख ५४ हजार, ब्राजिलमा दुई लाख २५ हजार, मेक्सिकोमा एक लाख ५९ हजार, भारतमा एक लाख ५४ हजार, बेलायतमा एक लाख छ हजारको कोरोना सङ्क्रमणबाट मानिसको मृत्यु भइसकेको छ । पछिल्लो विवरणअनुसार विश्वभर १० करोड ३९ लाखभन्दा बढी व्यक्ति कोरोना सङ्क्रमित भएका र त्यसमध्ये २२ लाख ४८ हजार व्यक्तिको ज्यान गइसकेको छ ।

# पाकिस्तानमा सडक दुर्घटना, १४ जनाको मृत्यु

इस्लामाबाद, २० माघ (रासस/सिन्ह्वा) ।

पाकिस्तानको दक्षिणपश्चिम बलोचिस्तान प्रान्तमा मङ्गलबार भएको सवारी दुर्घटनामा कम्तीमा १४ जनाको मृत्यु भएको छ । प्रहरीका अनुसार उक्त दुर्घटनामा अरु नौ जना गम्भीर घाइते भएका छन् । दक्षिणी शहर कराँचीतर्फ गइरहेको यात्रुबाहक बस कमजोर प्रकाशका कारण मुख्य राजमार्गमा दुर्घटनाग्रस्त भएको थियो । घाइतेलाई नजिकको अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ । घाइतेमध्ये केहीको अवस्था निकै चिन्ताजनक रहेको छ । घटनामा परी ज्यान गुमाएकामध्ये चार जना महिला र पाँच जना बच्चाको शव उनीहरुका परिवारजनलाई बुझाइएको छ ।

# संचारकर्मी बनवारी मोटरसाईकल दुर्घटनामा घाईते, महासंघका सदस्य श्रेष्ठ पनि अस्वस्थ





**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सदस्य महेन्द्र मण्डल बनवारी मोटरसाईकल दुर्घटनामा परि घाईते भएका छन।

गत आईतवार जमुनीमधेपुराबाट राजबिराज आउने क्रममा मोटरसाईकलबाट लडेर उनी घाइते भएका हुन्। सो दुर्घटनामा परी उनको टाउको, खुट्टा र हातमा गम्भीर चोट लागेको छ।

अहिले उनको छिन्मस्ता अस्पतालमा उपचार भईरहेको छ। उपचारमा संलग्न चिकित्सकले टाउको सिटिस्क्यान गर्दा टाउकोमा रगत जमेको जानकारी दिएका छन्।

टाउको जमेको रगत दुई चार दिनमा ठिक हुने चिकित्सकलाई उद्धृत गर्दै बनवारीका भतिज रूपेश मण्डलले जानकारी दिए।

सोमबार अस्पतालमा भर्ना भएका बनवारीको स्वास्थ अवस्था हाल समान्य रहेको छ। उनी अहिले बोलचाल समेत गरिरहेको नेपाल पत्रकार महासंघ सप्तरीका सहसचिव चन्दनकुमार यादबले बताए।

बनवारीको स्वास्थ्य अवस्था बुझ्न मंगलबार पत्रकार महासंघ सप्तरीका सहसचिव यादबसहित जिल्ला सदस्य भूषण सिँह, भुपेन्द्र मण्डल लगायत अस्पताल पुगेका थिए।

यता सोही अस्पतालमा उपचार भईरहेका नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सदस्य प्रेम श्रेष्ठको अबस्था गम्भीर रहेको छ।

श्रेष्ठको छिन्मस्ता अस्पतालमा प्रोस्टेडको अपरेशन भएपनि स्वास्थ अबस्था सुधार नभएपछि उनलाई थप उपचारका लागि बिराटनगर लगिएको परिवारजनले जनाएको छ।

# जनमत पार्टीको महाधिवेशन चैत २८ र २९ गते जनकपुरधाममा

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

जनमत पार्टीको प्रथम महाधिवेशन चैत्र २८ र २९ गते जनकपुरधाममा हुने भएको छ।

डा.सीके राउत नेतृत्वको सो पार्टीको माघ १४ र १५ गते लुम्बिनीमा सम्पन्न केन्द्रीय समिति बैठकले पार्टीको प्रथम महाधिवेशन गर्ने निर्णय गरेको हो।

पार्टीले महाधिवेशनसँगै आगामी प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने र त्यसका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय समेत छ।

पार्टीकी केन्द्रीय सदस्य अनिता साहको संयोजकत्व र धनुषा जिल्ला इन्चार्ज सहभागी हुने गरी महाधिवेशन आयोजन समिति गठन गरिएको छ।

महाधिवेशन प्रतिनिधिमा पार्टीको वडा समितिका अध्यक्ष, महिला उपाध्यक्ष र सचिव, स्थानीय तह र निर्वाचन क्षेत्रका निर्वाचित पदाधिकारीहरु (सदस्य बाहेक), जिल्ला समन्वय समितिका सम्पूर्ण सदस्यहरु रहने छन्।

यसैगरी, प्रदेश समन्वय समितिका सम्पूर्ण सदस्यहरु, केन्द्रीय समितिका सम्पूर्ण सदस्यहरु तथा जिल्ला इन्चार्ज तथा सहइन्चार्जहरु, राष्ट्रिय परिषदका सम्पूर्ण सदस्यहरु र वरिष्ठ नेतृत्व मण्डल तथा मधेश नेतृत्व पुंजका सम्पूर्ण केन्द्रीय सदस्यहरु, विभाग र मोर्चाका सम्पूर्ण केन्द्रीय सदस्यहरु महाधिवेशन प्रतिनिधि रहने छन्।

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई; आजैबाट रोकौं सबै मिली बालविवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगिताको फाइनलमा कोइलाडी र सकरपुरा



**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगिताको फाइनल खेलामा कोइलाडी र सकरपुरा भिड्ने भएका छन्। वडा नं. ४ कोइलाडी र वडा नं. ३ सकरपुराबीच बुधबार फाइनल खेल हुदैछ।

यता मंगलबार सम्पन्न खेलमा वडा नं. ५ को. बर्साइनले वडा नं. १ तिलाठीलाई ५१ रनले पराजित गरेको छ। सम्पन्न खेलमा टस जितेर पहिलो ब्याटिङ गरेको वडा नं. ५ को. बर्साइनले निर्धारित २० ओभरको खेलमा ८ विकेट गुमाई १३४ रन बनाएको थियो। जसमा दिपेश सरदारले विष्फोटक ब्याटिङ गर्दै २ छक्का र ४ चौकाको मद्तले २२ बलमा ३७ रन बनाए भने राजेश रजकले एक छक्का र ३ चौकाको मद्तले अविजित ३४ रन तथा कृष्णा साहले १५ र प्रकाश मण्डलले १४ रनको योगदान दिए।

तिलाठीको लाागि मुकुन्द मोहन मिश्र, जितेन्द्र यादव, मुकुन्द माधव मिश्रा, लक्ष्मी राय र श्रवण मोहम्मदले १/१ विकेट लिए। १ सय ३५ रन पछ्याएको तिलाठी टिम १७ ओभर १ बलमा अल आउट हुँदै ८३ रन मात्र जोड्न सक्यो। तिलाठीकालागि श्रवण मोहम्मदले ७ चौकाको मद्तले सर्वाधिक ३४ रन बनाएका थिए भने लक्ष्मी रायले १६ तथा जितेन्द्र यादवले अविजित १० रन बनाएका थिए।

को. बर्साइनकालागि राजेश रजकले घातक बलिङ गर्दै ३ ओभरमा १३ रन खर्चेर ४ विकेट लिए भने दिपेश मण्डलले ३, दिपेश सरदारले २ तथा कृष्णा साहले १ विकेट लिदै आफ्नो टिमलाई जित दिलाए। उक्त खेलमा को. बर्साइन टिमका राजेश रजकलाई तिलाठी कोइलाडी गाउँपालिकाका कार्यक्रम अधिकृत तथा प्रतियोगिता संयोजक राजेश कुमार झाले ट्रफी प्रदान गरे।

## *कंचनरूपमा १ सय ...*

सप्तरीको कञ्चनरुप नगरपालिकामा १ सय ९० जनाले कोरोना बिरुद्धको खोप लगाएको छन्।

२ नम्बर प्रदेश प्रहरी अस्पताल रुपनीस्थित खोपकेन्द्र मार्फत स्वास्थ्यकर्मी र महिला स्वयमसेविका गरी जम्मा १ सय ९० जनालाई कोरोना बिरुद्धको खोप लगाइएको स्वास्थ्य शाखा सहसंयोजक सिअहेव अधिकृत डम्बर प्रसाद गुप्ताले जानकारी दिएका छन्।

उनका अनुसार १ सय २३ स्वास्थ्यकर्मी र ६७ जना महिला स्वयमंसेविका गरी जम्मा १ सय ९० जनालाई कोरोना बिरुद्धको खोप लगाइएको बताए।

नगरपालिकाका स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयमसेवीका गरि जम्मा २ सय ७२ लाई खोप लगाउने लक्ष्य रहेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*